आज मिति २०७४।१०।१५ गतेका दिन लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री ध्रुब श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितीमा गाउँ कार्यपालिकाको आठौं बैठक बसी निम्नानुसारका प्रस्ताव उपर छलफल भई निर्णय गरियो ।

उपस्थित पदाधिकारी तथा महानुभावहरु

श्री ध्रुव श्रेष्ठ, अध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रोजिना राई, उपाध्यक्ष लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री नरहरी पाण्डे, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भिम बहादुर घले, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भोला प्रसाद सेढाई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री दल बहादुर राई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रामकृष्ण श्रेष्ठ, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री हरिशरण नाग्रिहोत्र [redacted], वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री श्रृजना बागदास, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री शान्ति राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्दिरा लोहनी, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री लक्ष्मी राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्द्र बहादुर घर्ती, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री विष्णु बहादुर घले, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री यज्ञ पुरी, प्रमुख प्रशासकीय अधिकृत, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री सन्चु राई लिखु गा. पा. का. वा. वडाध्यक्ष

निर्णयहरु:

१. लिखु गाउँपालिकाको गाउँ कार्यपालिकाको भवन निर्माण गर्ने, वडा कार्यालयहरुको भवन निर्माण गर्ने सम्बन्धमा सम्भावित सरकारी तथा सार्वजनिक जग्गाहरुको प्राप्त गर्नको लागि तपशिल बमोजिमको कार्यशर्तहरु तोकी अध्ययन टोली गठन गर्ने ।

| | |
|---|---|
| गाउँपालिकाको उपाध्यक्ष | संयोजक |
| सबै वडा कार्यालयहरुका वडाध्यक्षहरु | सदस्य |
| ने.क.पा. (एमाले), लिखुका तर्फबाट तोकिएको प्रतिनिधी | सदस्य |
| नेपाली काँग्रेस, लिखुका तर्फबाट तोकिएको प्रतिनिधी | सदस्य |
| ने.क.पा. (माओवादी केन्द्र), लिखुका तर्फबाट तोकिएको प्रतिनिधी | सदस्य |
| राष्ट्रिय प्रजातन्त्र पार्टि (प्रजातान्त्रिक) लिखुका तर्फबाट तोकिएको प्रतिनिधी | सदस्य |
| नयाँ शक्ति पार्टी नेपाल, लिखुका तर्फबाट खटिएको प्रतिनिधी | सदस्य |
| गाउँ कार्यपालिकाको कार्यालयको इन्जिनियर | सदस्य |

**अध्ययन टोलीको कार्यशर्तहरु (ToR)**

१. अध्ययन टोलीले गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक पर्तीजग्गा तथा सरकारी निकायको स्वामित्वमा रहेका जग्गाहरुको खोजी गरी सो को विवरण सहितको प्रतिवेदन गाउँपालिकामा पेश गर्नेछ,

२. यस टोलीले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट निर्धारित मापदण्ड र डिजाइन अनुसारको गाउँपालिकाको भवन बन्न सक्ने, गाउँपालिकाका सबै सेवाग्राहीको लागि केन्द्र पर्ने, विकासका आधारभूत पूर्वाधारको उपलब्धता एवं प्रशासनिक सुगमता, भूगर्भिय र भुकम्पीय दृष्टिकोणले उपयुक्त हुने सार्वजनिक जग्गाको चयन गरी गाउँपालिकाको केन्द्र र वडा कार्यालयहरुको केन्द्र तोक्न गाउँपालिकालाई सिफारिश गर्नेछ।

३. अध्ययन टोलीले आवश्यक ठानेमा विज्ञ, स्थानीय समाजसेवी वा कुनै व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

४. अध्ययन टोलीले एक महिना भित्रमा आफ्नो राय सहितको प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नेछ ।

२. नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट सञ्चालित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत सामुदायिक परिचालन कार्यक्रमका सामाजिक परिचालकहरु समिता दुलाल, विमला तामाङ, अप्सरा मैनाली र अम्बिका भट्टराईको विगतमा कार्यसम्पादन समेत उत्कृष्ट रहेको र भूकम्पबाट क्षती भएका निजी आवास निर्माणको कार्यमा समेत उत्कृष्ट सहयोग समेत पुऱ्याएको देखिएकोले निजहरुको योगदान समेतलाई ध्यानमा राखी गाउँपालिकामा हालको जनशक्तिको समेत अप्रयाप्तता रहेको र हाल निजहरुले गाउँपालिकाको सेवा प्रवाहमा समेत खटिई रहेकोले नेपाल सरकारबाट सो सम्बन्धमा निर्णय भएमा सोही बमोजिम हुनेगरी हाललाई निजहरुको

तलब भत्ता गाउँपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने गरी मिति २०७४ पुष १७ लागु हुने गरी चालू आ.ब. को आषाढ मसान्तसम्मका लागि म्याद थप गर्ने ,

३. साविक स्थानीय विकास कोष अन्तर्गत कार्यरत सामाजिक परिचालक जुनिल श्रेष्ठको कार्य सम्पादन उत्कृष्ट रहेको र गाउँपालिकामा समेत कर्मचारीको अभाव रहेको सन्दर्भमा निजको तलब भत्ता साविक बमोजिमकै हुने गरी चालू आ.ब. को आषाढ मसान्तसम्मका लागि म्याद थप गर्ने ।

४.लिखु गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १५ बमोजिम कार्यपालिकामा देहाय बमोजिमको समितिहरु गठन गर्ने।

(क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति

१. वडाध्यक्ष श्री नरहरी पाण्डे — संयोजक
२. कार्यपालिका सदस्य श्री विष्णु घले — सदस्य
३. कार्यपालिका सदस्य श्री इन्दिरा लोहनी — सदस्य

(ख) आर्थिक विकास समिति

१. वडाध्यक्ष श्री भिम बहादुर घले — संयोजक
२. कार्यपालिका सदस्य श्री शान्ति राई — सदस्य
३. कार्यपालिका सदस्य श्री इन्द्र बहादुर घर्ती — सदस्य

(ग) सामाजिक विकास समिति

१. वडाध्यक्ष श्री भोलाप्रसाद सेढाई — संयोजक
२. कार्यपालिका सदस्य श्री शान्ति राई — सदस्य
३. कार्यपालिका सदस्य श्री इन्दिरा लोहनी — सदस्य

(घ) पूर्वाधार विकास समिति

१. वडाध्यक्ष श्री हरीशरण लामिछाने — संयोजक
२. कार्यपालिका सदस्य श्री विष्णु घले — सदस्य
३. कार्यपालिका सदस्य श्री लक्ष्मी राई — सदस्य

(ङ) वातावरण तथा विपद् व्यवस्थापन समिति

१. वडाध्यक्ष श्री रामकृष्ण श्रेष्ठ — संयोजक
२. कार्यपालिका सदस्य श्रीसृजना बाग्दास — सदस्य
३. कार्यपालिका सदस्य श्री लक्ष्मी राई — सदस्य

(च) विधेयक समिति

१. वडाध्यक्ष श्री दलबहादुर राई — संयोजक

२. कार्यपालिका सदस्य श्री इन्द्र बहादुर घर्ती — सदस्य

३. कार्यपालिका सदस्य श्री सृजना बाग्दास — सदस्य

५. लिखु गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १७ को उपनियम (१) बमोजिम लिखु गाउँ कार्यपालिकाको प्रवक्ता लिखु गाउँपालिका वडा नं. १ का वडाध्यक्ष श्री नरहरी पाण्डेलाई तोक्ने ।

६. लिखु गाउँपालिका वडा नं. ४ चौघडामा सञ्चालन हुने गरी सौर्य सडक बत्ति सम्बन्धी कार्यक्रमको लागि बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र लिखु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबीच मिति २०७४।०९।०९ मा भएको सम्झौता लाई अनुमोदन गर्ने र उक्त सम्झौता बमोजिमको सौर्य सडक बत्ति कार्यक्रम उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने ।

७. लिखु गाउँपालिका, गाउँ कार्यपालिका अन्तर्गत लघु तथा साना उद्योग सम्बन्धी कार्य गर्ने शाखा स्थापना गर्ने र लिखु गाउँपालिकाको उद्यम विकास रणनीतिक योजना निर्माण गर्ने ।